प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन न. ०६१-४६७६८३
०६१-४६७८५१
०६१-४६७६६४
फ्याक्स : ०६१-४६७६६५
E-mail:info@ocmcm.gandaki.gov.np
URL: ocmcm.gandaki.gov.np

पत्र संख्या : २०७९/०८०
च.नं. : ४६५

मितिः २०७९/०६/२५

विषयः स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम कर्मचारीको तह वृद्धि गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै (८५),
गण्डकी प्रदेश।

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्ने गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा माननीय प्रदेश प्रमुखबाट मिति मिति २०७९/०६/०७ मा **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** जारी भई सकेको छ। अध्यादेश जारी भएसँगै स्थानीय तहमा कर्मचारी प्रशासनको समग्र व्यवस्थापन सहज र चुस्त भई स्थानीय तहबाट प्रवाह हुने सेवामा प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ। नेपाल सरकारबाट संघीयता अनुकूल हुने गरी संघीय निजामती सेवा ऐन जारी नभएको वर्तमान परिवेशमा गण्डकी प्रदेश सरकारले अध्यादेश मार्फत् नै भए पनि जारी गरेको **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेशले** स्थानीय तहमा हाल कार्यरत र नयाँ नियुक्ति हुने कर्मचारीहरूको भर्ना, छनौट, नियुक्ति, पदस्थापन, सुविधा, सरुवा, तहवृद्धि, बढुवा देखि अवकाशसम्मका सेवाका शर्तका विषयलाई मार्गनिर्देश गर्नुको साथै स्थानीय तहहरूलाई आआफ्नो तहको आवश्यकता अनुसार तोकिए बमोजिमका स्थानीय सेवाको गठन गर्न सक्ने बाटो समेत खोलिदिएको छ।

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तीन तहमा कर्मचारी समायोजन भई प्रशासनिक संघीयताको कार्यान्वयन भएपश्चात् अवरुद्ध भएको कर्मचारीको वृत्ति विकासलाई सूचारु गर्नु तथा प्रचलित कानून बमोजिम स्थायी नियुक्ति भई स्थानीय तहमा समायोजन भएका र कर्मचारी समायोजन पश्चात् लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरूलाई यस अध्यादेश बमोजिमको उपयुक्त दरबन्दी र तहमा कायम गर्नु पहिलो प्राथमिकता हो। यसै तथ्यलाई मनन गरी **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** को दफा ९ र दफा २८ मा रहेको दरबन्दी कायम गर्ने र तह वृद्धि गर्ने सम्बन्धी व्यवस्था तत्काल कार्यान्वयन गर्न देहाय बमोजिम गर्नु गराउनु हुन मिति २०७९।०६।२५ को (माननीय मुख्यमन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ।

## तह वृद्धि गर्ने कार्यान्वयन प्रक्रियाः

(१) स्थानीय तहहरूले आआफ्नो स्थानीय तहमा कार्यरत कर्मचारीको तहवृद्धिको लागि कम्तीमा सात दिनको समय राखी तत्काल सूचना प्रकाशन गर्ने।

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन न. ०६१-४६७६८३
०६१-४६७८५१
०६१-४६७६६४
फ्याक्स : ०६१-४६७६६५
E-mail:info@ocmcm.gandaki.gov.np
URL: ocmcm.gandaki.gov.np

पत्र संख्या: २०७९/०८०
च.नं. :

(२) गण्डकी प्रदेशस्थित स्थानीय तहमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरूलाई यस मन्त्रालयको वेबसाइट www.ocmcm.gandaki.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत महाशाखा/शाखाको महाशाखा/शाखा प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी आफू कार्यरत स्थानीय तहको प्रशासन शाखामा बुझाउने व्यवस्था गर्ने।

(३) आवेदन फारामसाथ तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि, समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशस्थित स्थानीय तहमा समायोजन भएको समायोजनपत्रको प्रमाणित प्रतिलिपी २/२ प्रति र **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** को दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वघोषणा गरी पेश गर्नुपर्ने।

(४) म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश भएका र तोकिएबमोजिमका कागजात संलग्न नभएका निवेदन उपर कुनै कारबाही नगर्ने।

### तह वृद्धि गर्दा स्थानीय तहले पालना गर्नु पर्ने विषयहरू:

(१) लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सञ्चालित खुला प्रतियोगितात्मक परीक्षाद्वारा छनौट तथा सिफारिस भई स्थानीय तहको छैटौं तहको पदमा नियुक्ति भई सकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा स्थानीय तहको कार्यपालिकाले निर्णय गरी सातौं तह कायम गर्ने।

(२) साबिकका घरेलु तथा साना उद्योग विकास समिति र दुर्गम क्षेत्र विकास समितिमा अधिकृत तृतीय श्रेणी र अधिकृत द्वितीय श्रेणीमा बहाल रही समायोजन ऐन, २०७५ अनुसार क्रमशः अधिकृतस्तर छैटौं र अधिकृतस्तर आठौं तहमा समायोजन भएका कर्मचारीलाई स्थानीय तहको कार्यपालिकाले निर्णय गरी एक पटकका लागि क्रमशः अधिकृतस्तर सातौं र नवौं तह कायम गर्ने।

(३) साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीलाई माथिल्लो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा स्थानीय तहको कार्यपालिकाले निर्णय गरी एक पटकका लागि स्थानीय सेवाको क्रमशः अधिकृतस्तर सातौं र नवौं तह कायम गर्ने।

(४) साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा सहायक चौथो तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारीको सेवा अवधि यस अध्यादेश प्रारम्भ हुँदाका बखत पाँच वर्ष पूरा भएको भए एकपटकका लागि सहायकस्तर पाँचौ तहको पदमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी कायम गर्ने।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन न. ०६१-४६७६८३
०६१-४६७८५१
०६१-४६७६६४
फ्याक्स : ०६१-४६७६६५
E-mail:info@ocmcm.gandaki.gov.np
URL: ocmcm.gandaki.gov.np

पत्र संख्या: २०७९/०८०
च.नं. :

(५) बुँदा नम्बर (१), (२) र (३) बमोजिम तह कायम गर्न सो दरबन्दी स्वतः कायम भई साबिकको दरबन्दी स्वतः खारेज हुने तथा बुँदा नम्बर (४) बमोजिमको तह कायम गर्नको लागि सो दरबन्दी स्वतः कायम हुने र साबिक दरबन्दी रिक्त हुने।

(६) तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र पछिल्ला तोकिएबमोजिमका वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिएबमोजिमको अङ्क प्राप्त गरेका देहाय बमोजिमका कर्मचारीलाई देहायबमोजिमको शर्तको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र एक तह वृद्धि गर्ने:-

(क) स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकका सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तह (प्राविधिक/अप्राविधिक) को पदमा पाँच वर्ष सेवा अवधि पूरा भएका र पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा पन्चानब्बे प्रतिशत औसत अङ्क प्राप्त गरेका कर्मचारीलाई समान सेवा, समूह र उपसमूहको क्रमशः अधिकृतस्तर छैटौं, आठौं र दशौं तहको पदमा तहवृद्धि गर्ने,

(ख) स्थानीय सेवा अन्तर्गतको स्वास्थ्य सेवाको हकमा तहवृद्धिको लागि देहायबमोजिमको शर्त र सेवा अवधि पूरा भएका कर्मचारीलाई समान सेवा, समूह र उपसमूहको पदमा देहायबमोजिम तहवृद्धि गर्ने:-

(अ) सहायकस्तर चौथो तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई सहायकस्तर पाँचौ तहको पदमा,

(आ) सहायकस्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भएका वा सहायकस्तर पाँचौ तहको पदमा तहवृद्धि भई सो तहको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता भएका र पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अधिकृतस्तर छैटौं तहको पदमा,

तर, सहायकस्तर पाँचौ तहको पदमा तहवृद्धि भएकामध्ये सो तहको पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता नभएका कर्मचारीलाई आठ वर्ष सेवा अवधि पूरा गरेपछि अधिकृत छैटौं तहको पदमा तहवृद्धि गर्ने,

(इ) पाँचौ तहको पदमा शुरु नियुक्ति भई अधिकृतस्तर छैटौं तहको पदमा तहवृद्धि भएका र छैटौं तहको पदमा आठ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अधिकृतस्तर सातौं तहको पदमा,

(ई) अधिकृतस्तर सातौं तहको पदमा शुरु नियुक्ति भई पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अधिकृतस्तर आठौं तहको पदमा,

(उ) अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अधिकृतस्तर दशौं तहको पदमा,

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन न. ०६१-४६७६८३
०६१-४६७८५१
०६१-४६७६६४
फ्याक्स : ०६१-४६७६६५
E-mail:info@ocmcm.gandaki.gov.np
URL: ocmcm.gandaki.gov.np

पत्र संख्या: २०७९/०८०
च.नं. : ४६५

(ऊ) पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गरेका।

(ग) उपखण्ड (क) र (ख) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गर्ने।

(७) खण्ड (४) र (६) बमोजिम गरिने तहवृद्धिको लागि **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** को दफा ३२ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको कर्मचारी मात्र उम्मेदवार बन्न पाउने।

(८) खण्ड (१), (२) र (३) बमोजिम तहवृद्धि भई दरबन्दी स्वत: कायम हुने अवस्थामा अध्यादेश जारी भएको मितिदेखि लागू हुने गरी निर्णय गर्ने,

तर, खण्ड (४) र (६) बमोजिम तहवृद्धि गर्दा तहवृद्धि गर्ने निर्णय भएको मितिदेखि लागू हुने।

(९) खण्ड (१), (२) र (३) बमोजिम तहवृद्धि भई दरबन्दी स्वत: कायम हुने अवस्थामा कार्यसम्पादन मूल्याङ्कन आवश्यक नपर्ने।

(१०) **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** बमोजिम तहवृद्धि गर्दा साबिकमा जुनसुकै स्थानीय तहमा सिफारिस भई नियुक्ति भएको भए तापनि हाल तलबभत्ता पाउने गरी कामकाज गर्न खटिएको स्थानीय तहबाट नै तहवृद्धिको निर्णय गर्ने।

(११) **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** को दफा २८ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशलाई ध्यान दिँदै यो अध्यादेश जारी भएको साठी दिन भित्र तहवृद्धिको निर्णय गरिसक्ने।

(रामेश्वर अर्याल)
उपसचिव